# प्राथमिक तहमा अध्यापनरत महिला शिक्षकहरुको अवसरको स्थिति

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह, दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन

मूल विषय अन्तर्गत आंशिक आवश्यकता

परिपूर्ति गर्न तयार गरिएको

शोध प्रतिवेदन


प्रस्तुतकर्ता

नन्दा चन्द

एम.एड.दोस्रो वर्ष

परीक्षा रोल नं. : २८००७७/२०६६

त्रि.वि. दर्ता नं. :९-२-२९-८६२-२००१



त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

(पाठ्यक्रम तथा मूल्याङ्कन विभाग)

कीर्तिपुर, काठमाडौं


२०६९


नन्दा चन्द २०६९

प्राथमिक तहमा अध्यापनरत महिला शिक्षकहरुको अवसरको स्थिति

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**(पाठ्यक्रम तथा मूल्याङ्कन विभाग)**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

यस विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौं स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्क्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्रा नन्दा चन्दले मेरो प्रत्यक्ष निर्देशनमा रही प्राथमिक तहमा अध्यापनरत महिला शिक्षकहरुको अवसरको स्थिति शीर्षकको शोधपत्र तयार गर्नुभएकोले आवश्यक मूल्याङ्कनका लागि सिफरिस गर्दछु ।

Date: 29Auguest, 2012

शोध निर्देशक

देवी प्रसाद भट्टराई

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपुर्तिका गर्नका लागि "प्राथमिक तहमा अध्यापनरन महिला शिक्षकको अवसरको स्थिति''शीर्षकमा नन्दा चन्दद्वारा तयार पारिएको शोध प्रतिवेदन स्वीकृत गरिएको छ ।

| मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|
| प्राध्यापक स्वयंप्रकाश ज. व. रा.<br>विभागीय प्रमुख | ................................ |
| उप-प्राध्यापक देवी प्रसाद भट्टराई<br>आन्तरिक सुपरीवेक्षक | ................................ |
| उप-प्राध्यापक शिवराज बढू<br>बाह्य सुपरीवेक्षक | ................................ |

Date: 7 September, 2012

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अन्र्तगत एम. एड. दास्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता पुरा गर्नका लागि “प्राथमिक तहमा अध्यापनरन महिला शिक्षकको अवसरको स्थिति'' शीर्षकमा शोध प्रतिवेदन तयार पारिएको हो ।

यस विषयमा अध्ययन अनुसन्धान गर्न सुवर्ण अवसर प्रदान गर्ने शिक्षा शास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रिय विभाग कीर्तिपुरका सम्पुर्ण गुरुज्यूहरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै प्रस्तावना लेखन कार्यदेखि प्रतिवेदन लेखन कार्यसम्म आफ्नो अमूल्य सहयोग, सल्लाह,सुझाव एवम् निर्देशनका साथै हौसला र प्रेरणा प्रदान गर्नुहुने आदरणीय गुरु  देवी प्रसाद भट्टराईज्युप्रति हार्दिक आभार प्रकट गर्दछु । शोधपत्र तयार पार्ने क्रममा आवश्यक सूचनाहरु उपलब्ध गराउनुहुने सम्वन्धित विद्यालयका शिक्षक एवम् विद्यार्थीहरुप्रति हार्दिक आभार व्यत्त गर्दछु । अन्तमा  यस शोधपत्र तयार गर्न सहयोग गर्ने सहपाठी साथीहरु लगायत प्रत्यक्ष /अप्रत्यक्ष रुपमा सहयोग गर्ने अन्य सहयोगी महानुभावहरुलाई धन्यवाद दिन चाहन्छु ।

नन्दा चन्द

२०६९

# शोधसार

सामाजिक, शैक्षिक, राजनीतिक र आर्थिक स्रोत साधनहरुको न्यायोचित वितरणका सम्पूर्ण अवसरहरुमा महिला र पुरुष दुवैको समान पँहुच हुन सक्ने अवस्थाको सिर्जना गरी दुबैलाई सक्षम बनाउन महिला र पुरुषलाई न्याय गर्ने तथा महिला तथा पुरुषहरुले आ-आफ्नो अधिकार पूर्ण रुपमा उपभोग गर्न पाउने अवस्था विकासको लक्ष्यलाई आत्मसात गर्दै वर्तमान समयमा महिला सशक्तिकरणमा जोड दिनु पर्ने आवश्यकता रहेको छ । यसर्थ शिक्षा क्षेत्रसँग सम्बन्धित महिला शिक्षकहरुको विशेष आवश्यकतालाई ध्यानमा राखी यो अध्ययन प्रतिवेदन तयार पारिएको हो ।

यो अध्ययन अध्ययनकर्ताको रुचि र सुविधाका आधारमा "प्राथमिक तहमा अध्ययापनरत महिला शिक्षकहरुको अवसरको स्थिति "का बारेमा केन्द्रित गरिएको थियो । यस अध्ययनका उद्देश्यहरु प्राथमिक तहमा अध्यापनरत महिला शिक्षकहरुको शैक्षिक अवसर, विद्यालयको प्रशासनिक तथा आर्थिक क्रियाकलापमा महिला शिक्षकको संलग्नताको  अवसर, महिला शिक्षक प्रति सरोकारवालाहरुको धारणा पहिचान गर्नु तथा शैक्षिक, प्रशासनिक र आर्थिक अवसरमा बाधा पुऱ्याउने तत्वहरु पत्ता लगाउनु रहेका थिए ।

यो अध्ययन मूलतः वर्णनात्मक एवं सर्भे ढाँचामा आधारित रही मिश्रित अध्ययन विधिको प्रयोग गरिएको थियो ।  अध्ययनका उद्देश्यहरुसँग सम्बन्धित सूचनाहरु संकलन गर्न महिला शिक्षकको लागि अर्न्तवार्ता प्रश्नावली तथा प्र.अ.,पुरुष शिक्षक र वि.व्य.स.अध्यक्षहरुको लागि खुल्ला अर्न्तवार्ता प्रश्नावली जस्ता सूचना संकलनका साधनहरुको प्रयोग गरिएको थियो ।  यो अध्ययन ललितपुर जिल्ला अन्तर्गतका ५ वटा सामुदायिक विद्यालयहरुमा मात्र सीमित गरिएको थियो ।  सूचनादाताहरुको रुपमा अध्ययन क्षेत्रमा जम्मा १५ जना महिला शिक्षक, १० जना पुरुष शिक्षक, ५ जना प्र.अ.र ५ जना वि.व्य.स.अध्यक्षहरु गरी जम्मा ३५ जना सम्मिलित गराइएको थियो ।

सामुदायिक विद्यालयको प्रा.वि.तहमा अध्यापनरत महिला शिक्षकहरुको शैक्षिक योग्यता शिक्षा ऐन (२०२८)ले तोकेको मापदण्ड अनुरुप आवश्यक न्यूनतम योग्यता भन्दा उच्च रहेको पाइयो शिक्षक तालिमको अवसर हेर्दा शतप्रतिशत अर्थात सबैजसो महिला शिक्षकहरुले पूर्वसेवाकालीन तथा आधारभूत तालिम प्राप्त गरेको भए पनि पुर्नताजगी तालिम, शिक्षा प्रशिक्षण,गोष्ठी, सेमिनार र तालिम अभिमुखीकरणको अवसर उपलब्ध नभएको पाइयो ।  शिक्षक स्थायित्वको अवस्था हेर्दा अधिकाशं  (६०%)महिला शिक्षकहरु अस्थायी नै रहेको पाइयो । यसैगरी शिक्षण कार्यभारको वितरण प्रति हप्ता ३०-३५ पिरियडसम्म शिक्षण गर्ने महिला शिक्षकहरु अधिकतम १०जना (६६.६६%) रहेको पाइयो । यसैगरी महिला शिक्षकको शैक्षिक अवसरमा बाधा पुऱ्याउने तत्वहरु अर्न्तगत घरायसी कामको बोझ, सामाजिक कुरीति तथा अन्धविश्वास,कमजोर आर्थिक स्थिति,महिला शिक्षक प्रतिको नकारात्मक धारणा, कमजोर सरकारी नीति तथा त्रुटिपूर्ण कार्यान्वयन आदि कुराहरु रहेको पाइयो ।

विद्यालयको प्रशासनिक र आर्थिक क्रियाकलाप र महिला शिक्षकको संलग्नताको अवसर अर्न्तगत प्रशासनिक क्रियाकलापमा महिला शिक्षकको संलग्नता न्यून(४०%)मात्र रहेको पाइयो । विद्यालयमा गरिने छात्रवृत्ति वितरण र भौतिक पूर्वाधारको विकासनिर्माणका लागि बन्ने कमिटी, संयन्त्र तथा समितिमा पनि महिला शिक्षकको संलग्नता एकदमै न्यून (३३.३३%)मात्र रहेको पाइयो भने विद्यालयमा संचालन गरिने अतिरिक्त क्रियाकलापको व्यवस्थापन र पुरुस्कार वितरणमा भने अन्य प्रशासनिक तथा आर्थिक क्रियाकलापको भन्दा केही बढी (६६.६६%) संलग्नता रहेको पाइयो ।

विद्यालयको शैक्षिक,प्रशासनिक तथा आर्थिक क्रियाकलापमा महिला शिक्षक प्रति सरोकारवालाहरुको धारणा बुझ्दा उनीहरुको शैक्षिक योग्यता आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा उच्च रहेपनि शैक्षिक स्तर पुरुष शिक्षकको तुलनामा न्यून नै रहेको, पारिवारिक,सामाजिक तथा घरायसी कामको बोझका कारण उनीहरुको शिक्षण प्रभावकारी बन्न नसकेको, अधिकाशं महिला शिक्षकहरुको कार्यभार बढी भएकाले थकित भएर कक्षा नलिने,अल्छीपाराले पढाउने, बढी बिदामा बस्ने र विद्यालयको प्रशासनिक तथा आर्थिक क्रियाकलापमा पनि उनीहरुको भूमिका सकारात्मक भए पनि विभिन्न पारिवारिक,सामाजिक र राजनीतिक कारणहरुले गर्दा उक्त क्रियाकलापहरुमा महिला शिक्षकहरुको संग्लनता न्यून रहेको पाइयो ।

यसरी विद्यालयको प्रशासनिक तथा आर्थिक क्रियाकलापमा महिला शिक्षकको संलग्नतामा बाधा पुऱ्याउने तत्वहरु अर्न्तगत तालिमको अभाव, अवसरको अभाव, प्रोत्साहनको कमी, सहकर्मीको असहयोग, कमजोर नेतृत्व क्षमता,रुचिको अभाव,शिक्षणमा मात्र सीमित रहनु,शिक्षक नियुक्तिमा कमी आदि कुराहरु नै रहेको पाइयो । सामुदायिक विद्यालयका महिला शिक्षकहरुको योग्यता ,तालिम, अनुभव,रुचि र क्षमताका आधारमा उनीहरुले गर्ने कार्यहरुको उचित मूल्याङ्कन नहुनु र कदर नगर्नु जस्ता प्राप्ती पाइयो ।

विभिन्न प्रकारका तालिम,गोष्ठी र सेमीनारहरुमा प्राथमिकताका आधारमा महिला शिक्षकहरुलाई समावेश गरिनु पर्छ । महिला शिक्षक संख्या कम र कार्यभार बढी भएको विद्यालयहरुमा थप शिक्षकको व्यवस्था गरी योग्य र दक्ष महिला शिक्षकहरु नियुक्ति गर्ने व्यवस्था गरिनु पर्दछ । महिला शिक्षक संख्या न्यून देखिएकाले दक्ष र योग्य महिला शिक्षकहरु थप गर्दै लैजाने नीति अवलम्बन गरिनु पर्दछ । विद्यालयका प्रशासनिक तथा आर्थिक क्रियाकलापमा महिला शिक्षकको संलग्नतामा वृद्धि गर्न उनीहरुलाई अवसर उपलब्ध गराउनका साथै सम्बन्धित ज्ञानको लागि विशेष तालिमको पनि व्यवस्था गरिनु पर्छ । विद्यालयका प्रशासनिक र आर्थिक व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तालिम संचालन गरिनु पर्दछ । शिक्षासँग सम्बन्धीत हरेक क्षेत्रमा महिला शिक्षक प्रतिनिधि संख्यामा वृद्धि गरिनु पर्दछ । विद्यालयका प्रशासनिक तथा आर्थिक क्रियाकलापमा महिला शिक्षकको संलग्नतामा वृद्धि गर्न, उनीहरुलाई उत्प्ररित गर्न र इच्छा जगाउन भत्ता,बढुवा र सेवा अवधि सम्बन्धी विशेष ग्प्रहता दिनुपर्दछ तथा महिला शिक्षकप्रति सरोकारवालाहरुको धारणामा सकारात्मक परिवर्तन ल्याउनको लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनु पर्दछ ।

# विषयसूचि


**सिफारिस पत्र** **i**

**स्वीकृति पत्र** **ii**

**कृतज्ञता ज्ञापन** **iii**

**शोधसार** **iv-v**

**परिच्छेद एक**

**परिचय**

१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको औचित्य ५

१.४ अध्ययनको उद्देश्य ५

१.५ अध्ययनको सीमा ५

१.६ सम्बन्धित शब्दावलीको परिभाषा ६

**परिच्छेद दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन**

२.१ सैद्धान्तिक ढाँचा ७

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन ९

२.३ अवधारणात्मक ढाँचा १३

**परिच्छेद तीन**

**अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा १४

३.२ अध्ययनको जनसंख्या १५

३.३ नमूना छनोट विधि १५

३.३.१ विद्यालयहरुको छनोट १५

३.३.२ प्र.अ.तथा वि.व्य.स.अध्यक्षहरुको छनोट १५

३.३.३ महिला शिक्षकहरुको छनोट १५

३.३.४ पुरुष शिक्षकहरुको छनोट १६

३.४ साधनहरुको निर्माण १६

३.४.१ प्राथमिक तथ्याङ्क संकलनका साधनहरु १६

३.४.२ सहायक तथ्याङ्क संकलनका साधनहरु १६

३.५ तथ्याङ्क संकलन प्रकृया १७

३.६ तथ्याङ्क विश्लेषण प्रकृया १७

३.७ नैतिक पक्ष १७

**परिच्छेद चार**

**तथ्याङ्कको विश्लेषण र व्याख्या**

४.१ शैक्षिक अवसरको अवस्था १८

४.१.१ शैक्षिक योग्यता र स्तर १८

४.१.२ तालिमको अवसरको स्थिति १९

४.१.३ शिक्षक स्थायित्वको अवस्था १९

४.१.४ शिक्षण कार्यभारको वितरण २०

४.१.५ शैक्षिक अवसरमा बाधा पुऱ्याउने तत्वहरु २१

४.२ प्रशासनिक तथा आर्थिक क्रियाकलापमा संलग्नताको अवसर २२

४.२.१ प्रशासनिक संलग्नताको अवसर २२

४.२.२ भौतिक पूर्वाधारको विकासमा संलग्नताको अवसर २३

४.२.३ छात्रवृत्ति वितरणमा संलग्नताको अवसर २४

४.२.४ अतिरिक्त क्रियाकलापको व्यवस्थापन र पुरुस्कार वितरणमा संलग्नता २४

४.२.५ आर्थिक व्यवस्थापन र निर्णयमा महिला शिक्षकको भूमिका २५

४.२.६प्रशासनिक र आर्थिक अवसरमा बाधा पुऱ्याउने तत्वहरु २५

परिच्छेद पाँच

प्राप्ती, निष्कर्ष र सुझाव


५.१ प्राप्ती २८

५.२ निष्कर्ष २९

५.३ सुझावहरु ३०

**सन्दर्भसूचि** ३२

**अनुसूचिहरु** ३४